# भाग ४

## नेपाल सरकार

## अख्तियार दुरूपयोग अनुसन्धान आयोगको

## सूचना १

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नेपालको संविधानको धारा २३९ को उपधारा (५) ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम आयोगलाई प्राप्त अधिकारहरू मध्ये आफ्नो जिल्ला भित्रका सङ्घीय, प्रादेशिक, स्थानीय तह र सार्वजनिक संस्थाका कार्यालयहरूमा भएका अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजूरीका सम्बन्धमा उजूरी दर्ता गरी प्रारम्भिक छानबिन गर्न देहायका जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई देहायबमोजिम अधिकार प्रत्यायोजन गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) <u>अधिकार प्रत्यायोजन गरिएका प्रमुख जिल्ला अधिकारीहरू</u> :

| | | |
|---|---|---|
| प्रदेश नं. १ | : | ताप्लेजुङ, पाँचथर, सङ्खुवासभा, भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा र खोटाङ जिल्ला । |
| प्रदेश नं. ३ | : | रसुवा, दोलखा र रामेछाप जिल्ला। |
| गण्डकी प्रदेश | : | गोरखा, लमजुङ्ग, मनाङ र मुस्ताङ जिल्ला । |
| प्रदेश नं. ५ | : | गुल्मी, अर्घाखाँची, रोल्पा, प्युठान र रूकुम (पूर्वी भाग) जिल्ला । |





| | | |
|---|---|---|
| कर्णाली प्रदेश | : | हुम्ला, जुम्ला, मुगु, कालिकोट, डोल्पा, जाजरकोट, रूकुम (पश्चिम भाग) र सल्यान जिल्ला । |
| सुदुरपश्चिम प्रदेश | : | दार्चुला, बाजुरा, बझाङ, अछाम, डोटी र बैतडी जिल्ला । |

(ख) <u>प्रत्यायोजित अधिकार प्रयोग गर्दा प्रमुख जिल्ला अधिकारीहरूले पालना गर्नुपर्ने शर्तहरू</u> :

(१) नेपालको संविधान, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९, अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ र अन्य प्रचलित कानून तथा आयोगबाट निर्धारित कार्यविधिहरू पालना गर्नु पर्ने,

(२) अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजूरीहरूका सम्बन्धमा प्रारम्भिक छानबिन गरी विस्तृत अनुसन्धान गर्न वा तामेलीमा राख्न सम्बन्धित कागजात संलग्न गरी आधार र कारण समेत खुलाई निर्णयका लागि आयोगको सम्बन्धित कार्यालयमार्फत आयोग समक्ष तीन महिना भित्रमा पठाउनु पर्ने,

(३) आफ्नो कार्यक्षेत्र वा क्षेत्राधिकार भित्र नपर्ने उजूरीहरू आयोगको सम्बन्धित कार्यालयमा आवश्यक कारबाहीका लागि पठाउनु पर्ने,

(४) आफ्नो कार्यक्षेत्रभित्र पर्ने सार्वजनिक पद धारण गरेका व्यक्ति वा निजसँग संलग्न अन्य व्यक्तिहरूलाई रङ्गेहात पक्राउ गर्नुपर्ने भएमा आयोग वा आयोगका सम्बन्धित कार्यालय प्रमुखलाई गोप्य रूपमा तुरून्त खबर गरी निकासा भए अनुसार गर्नु पर्ने,

(५) प्रारम्भिक छानबिनको सिलसिलामा उजूरीसँग सम्बन्धित आवश्यक कागजपत्र माग गर्न वा झिकाउन सक्ने र उजुरीसँग सम्बन्धित भौतिक चिजवस्तुहरू नियन्त्रणमा लिनुपर्ने भएमा वा आरोपित व्यक्तिसँग सोधपुछ गर्नुपर्ने भएमा आयोग वा आयोगको कार्यालय प्रमुखसँग समन्वय गरी गर्नु पर्ने,

(६) आयोगले प्रारम्भिक छानबिनको क्रममा स्थलगत प्रतिवेदन वा राय प्रतिक्रिया माग गरेमा सो उपलब्ध गराउनु पर्ने,

(७) प्रत्यायोजित अधिकार बमोजिम गरेका काम कारबाहीको विषयमा आयोगको सम्बन्धित कार्यालय मार्फत मासिक विवरण आयोगमा पठाउनु पर्ने।

<u>द्रष्टव्य</u> : यस सूचना बमोजिम प्रत्यायोजित अधिकार अन्तर्गतको कुनै काम कारबाही आयोगबाटै गर्न वा अन्य कुनै पदाधिकारी वा कर्मचारीलाई तोक्न तथा आयोगमा परेको कुनै पनि उजूरी आयोगबाटै अनुसन्धान गर्न यस सूचनाले बाधा पुऱ्याएको मानिने छैन ।

खण्ड ६७, संख्या १५, मिति २०७४।०३।२६ को नेपाल राजपत्र, भाग ४ मा प्रकाशित यस आयोगको अधिकार प्रत्यायोजन सम्बन्धी सूचना खारेज गरिएको छ ।

## सूचना २

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नेपालको संविधानको धारा २३९ को उपधारा (५) ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम आयोगलाई प्राप्त अधिकारहरू मध्ये आफ्नो कार्यक्षेत्र





भित्रका सङ्घीय, प्रादेशिक, स्थानीय तह र सार्वजनिक संस्थाका कार्यालयहरूमा भएका अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजूरीका सम्बन्धमा उजुरी दर्ता गरी प्रारम्भिक छानबिन गर्न आयोगका कार्यालय प्रमुखहरुलाई देहाय बमोजिम अधिकार प्रत्यायोजन गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) **<u>प्रत्यायोजित अधिकार प्रयोग गर्दा आयोगका कार्यालय प्रमुखहरूले पालना गर्नुपर्ने शर्तहरू</u>** :

(१) कार्यालयमा प्राप्त सबै उजूरीहरू आयोगबाट तोकिए बमोजिमको स्क्रिनिङ्ग समितिमा राखी अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० को उपनियम (१) खण्ड (ग), (घ), (ङ), (च), (छ), (ज) र (झ) अनुसार तामेलीमा राख्नु पर्ने वा सम्बन्धित निकायमा आवश्यक कारबाहीको लागि पठाई तामेलीमा राख्नु पर्ने वा मुल्तवीमा राख्नु पर्ने उजूरीहरु समितिको रायसाथ तोकिएको ढाँचामा निर्णयका लागि आयोगमा पठाउनु पर्ने,

(२) स्क्रिनिङ्गबाट छानबिन अगाडि बढाउन उपयुक्त देखिएका उजूरीहरूका हकमा स्मृतिपत्र स्वीकृत गरी प्रारम्भिक छानबिन गर्न सक्ने,

(३) प्रारम्भिक छानबिनको सिलसिलामा आवश्यक कागजपत्र माग गर्न वा झिकाउन सक्ने र उजुरीसँग सम्बन्धित भौतिक चिजवस्तुहरू नियन्त्रणमा लिनुपर्ने भएमा वा आरोपित व्यक्तिसँग कार्यालयमा उपस्थित गराई सोधपुछ गर्नुपर्ने भएमा सो समेत गर्न सक्ने,

(४) आफ्नो कार्यक्षेत्रभित्र पर्ने सार्वजनिक पद धारण गरेका व्यक्ति वा निजसँग संलग्न अन्य व्यक्तिहरूलाई रङ्गेहात पक्राउ गर्नुपर्ने भएमा आयोगबाट स्वीकृत कार्यविधि बमोजिम रङ्गेहात पक्राउ गर्न सक्ने र सोको जानकारी आयोगलाई तुरून्त दिनु पर्ने,

(५) आयोगबाट प्रारम्भिक छानबिनका लागि पठाईएका उजूरीहरू दर्ता गरी प्रारम्भिक छानबिन गर्नु पर्ने,

(६) कार्यालयमा प्राप्त उजूरी कुनै अर्को उजूरीसँग एकीकरण गर्नुपर्ने देखिएमा सो व्यहोराको स्मृतिपत्र स्वीकृत गरी पछिल्लो उजूरीलाई अघिल्लो उजूरीमा एकीकरण गरी प्रारम्भिक छानबिन अगाडि बढाउन सक्ने,

(७) प्रारम्भिक छानबिनबाट कुनै उजूरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (१२) अनुसार तामेलीमा राखुपर्ने देखिएमा तथ्य व्यहोरा खुलाई रायसहित निर्णयका लागि आयोगमा पठाउनु पर्ने,

(८) प्रारम्भिक छानबिनबाट कुनै उजूरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम सुझाव दिई तामेलीमा राखुपर्ने देखिएमा त्यसरी दिनुपर्ने सुझाव स्पष्ट रूपमा खुलाई निर्णयका लागि आयोगमा पठाउनु पर्ने,

(९) प्रारम्भिक छानबिनबाट कुनै उजूरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २० को उपदफा (१) अनुसार अनुसन्धान अधिकृत तोकी विस्तृत अनुसन्धान तहकिकात गर्न आवश्यक देखिएमा आधार र





कारण उल्लेख गरी आफ्नो रायसहित आवश्यक निर्णयका लागि आयोगमा पठाउनु पर्ने,

(१०)आयोगले प्रारम्भिक छानबिनको क्रममा स्थलगत प्रतिवेदन वा राय प्रतिक्रिया माग गरेकोमा सो उपलब्ध गराउनु पर्ने,

(११)आफ्नो कार्यक्षेत्रभित्र अधिकार प्रत्यायोजन भएका प्रमुख जिल्ला अधिकारीहरूसँग सम्बन्ध-सूत्रको रूपमा काम गरी प्रमुख जिल्ला अधिकारीहरुबाट सम्पादित कार्यको प्रगतिको विवरण अद्यावधिक गरी आयोगमा पठाउनु पर्ने।

(ख) **आयोगको सम्पर्क कार्यालय** :

आयोगका सम्पर्क कार्यालयका प्रमुखका हकमा आयोगका कार्यालय प्रमुखलाई भएकै अधिकार प्रत्यायोजन लागू हुने छ तर आयोगसँग सम्पर्क राख्दा आफ्नो तालुक कार्यालयमार्फत राख्नु पर्नेछ ।

द्रष्टव्य : यस सूचना बमोजिम प्रत्यायोजित अधिकार अन्तर्गतको कुनै कामकारबाही आयोगबाटै गर्न वा अन्य कुनै पदाधिकारी वा कर्मचारीलाई तोक्न तथा आयोगमा परेको कुनै पनि उजूरी आयोगबाटै अनुसन्धान गर्न यस सूचनाले बाधा पुऱ्याएको मानिने छैन ।

खण्ड ६३, अतिरिक्ताङ्क १४, मिति २०७०।०५।२४ को नेपाल राजपत्र, भाग ४ र खण्ड ६३, अतिरिक्ताङ्क २१अ, मिति २०७०।०७।०३ को नेपाल राजपत्र, भाग ५ मा प्रकाशित यस आयोगको अधिकार प्रत्यायोजन सम्बन्धी सूचना खारेज गरिएका छन्।

आज्ञाले,
महेश्वर न्यौपाने
सचिव